# मनहरी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

मनहरी, मकवानपुर
बागमती प्रदेश, नेपाल

पत्र संख्या :-
चलानी नं. :- ११४२

मिति :- २०७७/९/२४

श्री वडा सचिव (सबै)

मनहरी गा पा, १-९

विषयः- अधिकार प्रत्यायोजन बारे ।

प्रस्तुत सन्दर्भमा मिति २०७७।०९।०१ गते बसको यस पालिकाको गाँउपालिकाको निर्णय नं. १० को भावना बमोजिम रु.५(पाच) लाख सम्मका स्वीकृत योजनाहरु कार्यान्वयन गर्ने क्रममा नियामानुसार योजना सम्झौता गरि कार्यादेश दिन र अनुगमन तथा मूल्यांकन गरि / गराई फरफारक सम्म गर्ने गरि अधिकार प्रत्यायोजन गरेको छु ।

२०७७/९/२४

देबराज चौलागाई
(प्रमुख प्रशासकिय अधिकृत)

देवराज चौलागाई
प्रमुख प्रशासकीय अधिकृत

# मनहरी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

मनहरी, मकवानपुर
बागमती प्रदेश, नेपाल

पत्र संख्या :-
चलानी नं. :- ९९३२

मिति :- २०७७।९।२८

**<u>मनहरी गाँउपालिका गाँउ कार्यपालिकाको बैठक मिति २०७७।०९।०१ गतेको निर्णय न.१० को कार्यान्वयनका सम्बन्धमाः-</u>**

**रु. ५ (पाच) लाख सम्मको योजना संचालन तथा अनुगमन सम्बन्धमा अपनाउनु पर्ने कार्यविधिः-**

**क) <u>योजना सम्झौता तर्फः-</u>**

- गाँउपालिका बाट योजना संचालन गर्न पत्र प्राप्त गर्ने
- वडा कार्यालयले उपभोक्ता समिति गठन गर्ने सुचना प्रकासन/ प्रसारण गर्ने
- वडापालिकाका पदाधिकारी वा वडा सचिबको रोहबरमा उपभोक्ता समिती गठन गर्ने/ गराउने
- गठन भएको समिति उपभोक्ता समिति गठन तथा संचालन कार्यविधि-२०७४ बमोजिम भए / नभएको एकिन गर्ने
- प्राविधिक मार्फत लागत अनुमान / नक्सा तयार गर्ने / गराउने
- नियामानुसार सम्झौता गरि कार्यादेश दिने ।

**ख) <u>योजना / कार्यक्रम अनुगमन सम्बन्धमाः-</u>**

- योजना संचालन पूर्व / संञ्चालन रहेको अवस्था र सम्पन्न भएपश्चात अनिवार्य रुपमा योजनाको अनुगमन गर्ने / गराउने
- योजना अनुगमन गर्दा वडा अध्यक्ष स्वंयम वा वडा सदस्य र वडा सचिब सहित अनिवार्य अनुगमन हुनुपर्न
- प्रत्येक पटक योजना अनुगमन गर्दाको उपस्थिती एवं योजनाको अवस्थाबुझिने गरि दिईएका सुझाव सहितको अनुगमन प्रतिवेदन सम्लग्न हुनुपर्ने
- योजना संचालन गर्ने स्थान वा ठाँउको पूर्व अवस्था, आयोजनाको सुचना पार्टि र योजना सम्पन्न भईसके पछिको फोटो सम्लग्नं हुनुपर्ने



चौलागाई

# मनहरी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
मनहरी, मकवानपुर
बागमती प्रदेश, नेपाल

पत्र संख्या :-
चलानी नं. :- ११९२ मिति :- २०७६।०१।२८

ग) फरफारकको निर्णय एवं सिफारीस सम्बन्धमाः-

- योजनाको काम सम्पन्न भई उपभोक्ता समितिले फरफारक एवं सिफारिस माग गर्दा वडा कार्यालयमा निवेदन पेश गर्नु पर्नेछ ।
- यसरी पेश हुने निवेदन साथ स्थानीय अनुगमन समितिको प्रतिवेदन / माईन्युट समेत पेश हुनुपर्ने
- वडा समितिको बैठकले प्राविधिकले तयार गरेको मूल्यांकन / कार्यसम्पन्न प्रतिवेदन, स्थानिय अनुगमन समितिको सिफारीस र वडा अनुगमन समितिको सिफारीस समेतको आधारमा योजना गुणस्तरीय रुपमा सम्पन्न भएको शुनिश्चित गरि फरफारक गर्न निर्णय गर्ने
- वडा समितिको निर्णय सहित भुक्तानीको लागि गाँउपालिकामा पठाउने

घ) योजनाको भुक्तानी सम्बन्धमाः-

- सम्पन्न योजनाको निर्णय तथा माईन्युट, बिल भर्पाई, प्राविधिक मूल्यांकन,तोकिएको अनुसुचीहरु, वडा स्तरीय अनुगमन प्रतिवेदन, फोटोहरु आदि आवश्यक कागजात सहित वडाबाट सिफारीस प्राप्त भई योजना शाखामा दर्ता गर्ने / गराउने
- फरफारक समितिको निर्णय सहित भुक्तानीको लागि कागजात / टिप्पणी सहित आर्थिक प्रशासन शाखामा पेश हुने
- नियामानुसार भुक्तानी हुने ।

२०७६।०१।२८
देवराज चौलागाईं
प्रमुख प्रशासकीय अधिकृत